# <u>संघीय संसद सचिवालय प्रतिवेदन</u>

## <u>उजुरीको पृष्ठभूमी</u>

संघिय संसद सचिवालय, स्वास्थ्य इकाइमा  दरबन्दी भन्दा बढी कर्मचारीहरु काममा ल्याउने गर्ने गरेको, कर्मचारीहरुले महिनाको एकपटक मात्र लिन पाउने औषधि सुबिधा नियम बिपरीत कयौ पटक लिने गरेको र त्यहाँबाट नियमित अवकाश पाएका सि.अ प्रदिप घिमिरेलाई पुनः करारमा नियुक्ति गराई राज्यबाट दोहोरो तलवभत्ता सुबिधा उपलब्ध गराईरहेको निज प्रदिप घिमिरेले अन्य कर्मचारिहरुलाई अभद्र ब्यबहार गर्ने गरेको पाइएकाले छानबिन गरी दोषी उपर कारवाही गरी पाउँ ।

## <u>छानबिन टोली गठनः-</u>

केन्द्रबाट उजुरी ब्यबस्थापन टोलीको समितिको २०७७/०४/१६ गतेको निर्णय र च.नं २४००००१७१ मिति २०७७/०७/२३ को पत्रानुसार छानबिन टोली गठन गरिएको ।

## <u>समय सिमा</u>

छानबिन टोलीलाई २ (दुई) दिन भित्र छानबिन गरी प्रतिवेदन पेश गर्नको लागि कार्यदिश भएको ।

## <u>छानबिनको बिधि</u>

उजुरीसँग  सम्बन्धित बिषयहरुमा संघिय संसद सचिवालयमा गई सांसद सुबिधा ब्यबस्थापन शाखाका प्रमुख उ.स रामहरि थापा, प्रशासन शाखाका उ.स अधिराम राई र प्रदिप घिमिरेसँग समेत छलफल गरिएको ।

## <u>छानबिनबाट खुल्न आउको बिषय</u>:

संघिय संसद सचिवालयअन्तर्गत हाल ४३५ जना कर्मचारीहरु कार्यरत रहेको ।संघिय संसद सचिवालय सांसद सुबिधा ब्यबस्थापन शाखा अन्तर्गत स्वास्थ्य सेवा इकाइ रहेको । हाल उक्त इकाइमा स्वस्थ्य सेवा बिभाग अन्तर्गत नै दरबन्दी रहि ५ जना कर्मचारीहरु काजमा रहेका र

आवश्यकता फिर्ता गर्ने क्रम पहिला देखि  नै हुदै आएको  र हाल पनि  सोही अनुसार स्वास्थ्य सेवा का कर्मचारीहरु काजमा आउने र फिर्ता हुने क्रम रहदै आएको पाईयो ।नियमित औषधी खाने कर्मचारिहरुले डाक्टरको प्रेष्क्रिप्सन अनुसार महिनामा एकपटक औषधी सूबिधा लिने गरेको पाइयता पनि सचिवालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुले सूबिधा को रुपमा औषधी लिने गरेको नभई आवश्यकता अनुसार लगभग १/४ कर्मचारीहरुले मात्र औधषी सूबिधा लिदै आएको पाईयो ।

करारमा नियुक्त सि.अ प्रदिप घिमिरेले करार सम्झौता अनुसार पाउने सुबिधा मात्र सचिवालयबाट लिएको, थप कुनै सुबिधा नलिएको निज घिमिरे संघिय संसद सचिवालयमा नियमानुसार नै स्वास्थ्य बिज्ञका रुपमा नियुक्ति भएको । आफू करारमार नियुक्ति भएकोले करार अवधिको काम अनुसार हाजिर भएको मितिको सुबिधा पाउने र बिदा अवधिमा र काममा कार्यालयमा आउन नसकेको अवस्थामा पारिश्रमिक नपाउने भएकोले मैले राज्यलाई कुनैपनि  दोहोरो आर्थिक भारमा पारेको छैन भनि निज सि.अ प्रदिप घिमिरेले छलफलको क्रममा बताउनु भएको छ ।

**छानबिन टोलीको निष्कर्षः**

१.निज प्रदिप घिमिरेलाई बिज्ञको रुपमा संघिय संसद सचिवालय नियमावलीको परिधि भित्र नै रहेर करारमा नियुक्ति गरेको देखिएको हुँदा सो  सम्बन्धमा अन्यथा भनिरहनु परेन ।

२.पटक- पटक औषधी सुबिधा लिएका भनिएका कर्मचारीहरुले पनि लिएको पुष्टि हुने आधार देखिएन ।

३. काजमा खटन पटनको बिषयमा आवश्यकता अनुसार स्वास्थ्य सेवा बिभागबाट कर्मचरीहरु ल्याउने र फिर्ता गर्ने कार्य कानूनी ब्यबस्था अनुसारनै भएको हुँदा सो सम्बन्धमा अन्य केही कुरा बोलीरहनु परेन ।

छानबिनमा देखिएका प्रमाण कागजातहरुबाट उजुरी निवेदनलाई पुस्टयाई गर्ने आधारहरु नदेखिएको हुँदा हाललाई प्रस्तुत उजुरी तामेलीमा राख्र उचित देखि प्रतिवेदन पेश गरेका छौं ।

## राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७७/०९/२८ को निर्णयः

संघीय संसद सचिवालय स्वास्थ्य इकाइमा दरबन्दीभन्दा बढि कर्मचारीहरू काजमा ल्याउने गरेको, कर्मचारीहरूले पटक-पटक औषधी सुविधा लिएको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न गठित टोलीबाट पेश भएको छानबिन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा दरबन्दी र पद मिल्दो भएमा मात्र काजमा राख्ने र लामो समय काजमा राख्नु पर्ने भए त्यस्ता पदहरूको दरबन्दी सृजना गरी स्थायी रुपमा पदपूर्ति गर्ने व्यवस्था मिलाउन संघीय संसद सचिवालयलाई निर्देशन दिने एवं कर्मचारीहरूले औषधी उपचार लिएको भन्ने उजुरी सम्बन्धमा तथ्यगत पुष्टि हुने आधार नदेखिएको हुनाले हाललाई प्रस्तुत उजुरी तामेलीमा राखी लगत कट्टा गर्ने निर्णय गरियो ।